जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक १६६ २०७८ साल माघ १७ गते सोमबार (31 Jan. 2022 Monday) मूल्य रु. ५/-

बजारमा वस्तु तथा सेवाको मूल्य र गुणस्तरमा शंका लागेमा बाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा सहायक प्रमुख जिल्ला अधिकारी वा स्थानीय तहका निरिक्षण अधिकृतलाई जानकारी गराऔं, स्वच्छ बजार सञ्चालनमा मद्दत पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : को हुन् सहिद ? के छ ३ पृष्ठमा : 'जहाँ भ्रष्टाचार हुन्छ : त्यहाँ सुशासन ३ पृष्ठमा : अमेरिकामा कोभिडका कारण...

## डिपिआर अनुसार बसपार्क निर्माण गर्न माँग



**दैनिक समाचारदाता**
**राजविराज, १६ माघ ।**

डिपिआर अनुसार काम नभएको भन्दै बसपार्क संघर्ष समितिले प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमलाई ध्यानआकर्षण गराएको छ ।

आईतवार राजबिराज २ बसपार्क संघर्ष समितिका पदाधिकारीले बसपार्क डिपिआर भित्र ब्यक्तिगत प्रयोजनका लागि नाला निर्माण र सडक बनाउने कार्य भईरहेको जानकारी गराएको छ ।

डिपिआर भित्र सघन शहरी तथा भवन निर्माण आयोजना प्रमुख सचिन्द्र कुमार देवले आफ्नो घर प्रयोजनको लागि नाला निर्माण कार्य गर्न लागेको आरोप लगाए ।

यता सिडिई देवले ब्यक्ति प्रयोजनाका लागि नभई बर्षायाममा बर्सेनि बस्ती डुवानका पर्ने गरेकोले पानी निकासका लागी नाला निर्माण गरे लागेको बताए ।

उनले डिपिआर अन्तर्गत नाला निर्माण सँगै सडक कार्य नभएको भन्दै त्यस्तो भएको छ भने बन्द गर्ने बताए । बसपार्क भित्र अतिक्रम हुन लागेको जग्गाको संरक्षण गर्नुको साथै बसपार्कको वरिपरी घेरबेर गर्नुपर्ने माँग गरेको संघर्ष समितिका संयोजक रामदेव यादबले बताए ।

यता बसपार्क भित्र रहेका भौतिक पुर्वाधार निर्माण गर्न जग्गा उपलब्ध हुन नसक्दाँ कठिनाई भएको सिडिई सचिन्द्र कुमार देवले

*बाँकी तीन पृष्ठमा*

## स्थानिय निकाय कर्मचारी सहिद प्रभुको शालिकमा माल्यार्पण

**दैनिक समाचारदाता**
**राजविराज, १६ माघ ।**

शहिद दिवसको अवसर पारेर स्व. प्रभु नारायण यादवको शालिकमा आइतबार माल्यापर्ण गरिएको छ ।

स्थानीय निकाय कर्मचारी सहिद प्रभु नारायण यादव स्मृति ट्रस्टद्वारा आयोजित कार्यक्रममा जिल्ला समन्वय समितीको परिसरमा रहेको यादवको शालिकमा माल्यार्पण गरी शहिद दिवस मनाइएको हो ।



कार्यक्रममा जिल्ला समन्वय समितीका प्रमुख प्रभावकर यादव, राजविराज नगरपालिकाका प्रमुख, शम्भु प्रसाद यादव, अधिकारीक निजामती ट्रेड युनियनका अध्यक्ष अजय कुमार झा, कर्मचारी युनियनका अध्यक्ष सुर्यकान्त झा, जसपाका केदार यादव, लोसपाका दिनेश यादव, बिनोद यादव, स्थानीय तह कर्मचारी संघ मधेश प्रदेशका सचिव गंगाराम साह, प्रेस स्वतन्त्रता सेनानी बैद्यनाथ झा, ट्रस्टका अध्यक्ष अवधेश झा लगायत सयौंको संख्यामा उपस्थित कर्मचारी, संचारकर्मी तथा सर्बसाधारणले माल्यार्पण गरेका थिए । सो अवसरमा सहभागीहरुले स्व.यादवको योगदानबारे चर्चा गर्दै श्रदाञ्जली अपर्ण गरेका थिए ।

तत्कालिन जिल्ला विकास समितीका नायब सुब्बा रहेका यादवलाई २०६४ कार्तिक १२ गते साँझ पख कार्यालयको काम सकेर तिलाठी कोईलाडी गाउँपालिका ८ बभनगामाकट्टी स्थित घर जाने क्रममा अज्ञात समुहले गोली हानी हत्या गरका थिए ।

## हिन्दु राष्ट्र नेपालका लागि संघर्ष गर्न सनातन गठबन्धन गठन


**दैनिक समाचारदाता**
**राजविराज, १६ माघ ।**

सनातन हिन्दु राष्ट्र नेपालका लागि विभिन्न हिन्दुवादी संगठन तथा अभियान्तहरुको बैठकले सनातन गठबन्धन २०७८ को घोषणा गरि संघर्ष गर्ने भएको छ ।

राजविराजमा शनिबार १५ वटा धार्मिक संगठन एवं अभियान्ताहरुको उपस्थितिमा सनातन गठबन्धन २०७८ गठन गरि संघर्ष गर्ने घोषणा गरेको हो ।

सो बैठकले गठबन्धनको कन्द्रिय अध्यक्षमा सन्तोष पटेललाई चयन गरेको छ भने उपाध्यक्षहरुमा

*बाँकी तीन पृष्ठमा*



अनुरोधकर्ता : राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी



अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय

# जनताप्रति जवाफदेहिता बन्नु जरुरी

माघ महिनाको मध्यमा चिसो पुनः बढ्दै गएको छ । हुन त माघ महिनामा चिसो हुने र महिनाको अन्त्यतिर घटेर जाने हो । तर यस पटक पुस भन्दा माघ महिनामा चिसो बढ्दै गएको छ । यस पटक गत वर्ष भन्दा फरक भएको छ । चिसो बढ्दै जाँदा अति विपन्न वर्गलाई बढी समस्या हुने गरेको छ । तर, हालसम्म कुनै पनि स्थानिय तहले त्यस्ता वर्गप्रति उत्तरदायित्व बहन गर्न सकेको छैन् ।

गत महिनामा चिसोको प्रभाव खासै नदेखिएकोले स्थानिय तहहरुले चासो नदेखाएको हुन सक्छ । तर चिसो भन्ने कुरा कसैलाई भनेर र संकेत देखाएर आउँदैन् । यसका लागि पूर्व तयारी गर्न आवश्यक छ । जुन कुरामा निकायहरु चुकेको देखिन्छ । एक देखी दुई दिनसम्म विभिन्न निकायको पहलमा आगो ताप्नका लागि दाउराको व्यवस्था गरिएको थियो । अहिले सम्बन्धीत निकायले सो कार्य पनि गर्न सकेको छैन् । तीन चार दिनदेखी बढेको चिसोले जनजिवन नै कष्टकर बनेको छ ।

तसर्थ सम्बन्धीत निकायले मौसमलाई ख्याल गर्दै आफ्नो सामाजिक उत्तरदायित्व बहन गर्नु पर्ने आवश्यक छ । यसको लागि पूर्वतयारी पनि आवश्यक पर्छ । मौसमलाई पूर्वानुमान गर्दै आगामी वर्षमा पूर्वतयारीका साथ चिसो मौसममा निमुख्खा जनताप्रति जवाफदेहिता बन्नु जरुरी छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# को हुन् सहिद ? के छ घोषणाको मापदण्ड ?

काठमाडौं, १६ माघ (रासस) ।

नेपाल प्रज्ञा प्रतिष्ठानले प्रकाशन गरेको नेपाली बृहत् शब्दकोषमा उल्लेख भएअनुसार सहिद भन्नाले आफ्नो देश, संस्कृति र अस्तित्वको संरक्षण तथा स्वतन्त्रताको प्राप्तिका निम्ति बलिदान भएर लोकहितमा लाग्ने व्यक्तिलाई बुझिन्छ ।

पछिल्लो समय जोसुकैलाई सहिद घोषणा गरिएको भन्दै विरोध हुने गरेको छ । कुनै घटना वा दुर्घटनामा परेकालाई पनि सहिद घोषणा गरिँदा देशका लागि जीवन आहुति दिनेको अपमान भएको भन्दै विरोध हुने गरेपनि सहिदको स्पष्ट मापदण्ड छैन । घोषणा गरिएकै सहिदका विषयमा पनि विभिन्न टीकाटिप्पणी हुने गरेका छन् । सहिद घोषणाका लागि राजनीतिक दलका बीचमा प्रतिस्पर्धा चल्ने गरेको देखिन्छ । सहिदको परिभाषा स्पष्ट गर्न र सूची तयार पार्न दुई आयोग गठन भएपनि चित्तबुझ्दो काम हुनसकेको छैन ।

नेपालको पहिलो सहिद लखन थापालाई मानिन्छ । थापालाई तत्कालीन राणा प्रधानमन्त्री जङ्गबहादुर राणाविरुद्ध प्रचार-प्रसार गरेको आरोपमा विसं १९३३ फागुन २ गते गोरखाको मनकामना मन्दिर नजिकैको रुखमा झुण्डयाएर मारिएको थियो । थापा तत्कालीन सैन्य पल्टनमा कार्यरत थिए । यद्यपि थापालाई प्रधानमन्त्री सुशील कोइरालाको कार्यकालमा विसं २०७२ असोज ३ गतेमात्र सहिद घोषणा गरिएको थियो ।

**सहिद घोषणा**

सहिदको परिभाषा गरी सङ्ख्या निर्धारण गर्न हालसम्म दुईवटा आयोग गठन भए । पूर्वमन्त्री मोदनाथ प्रश्रितको संयोजकत्वमा विसं २०६६ मङसिर १६ गते र विसं २०६८ मा नवराज सुवेदीको अध्यक्षतामा गठन भएका आयोगले प्रतिवेदन पनि बुझाए । तर दुवै आयोगले सहिदका बारेमा हुने गरेका विवादलाई अन्त्य गर्न नसकेको सहिद स्मृति प्रतिष्ठानका अध्यक्ष खिलानाथ दाहाल बताउनुहुन्छ । सहिदकै बारेमा काम गर्ने काम नतोकिए पनि विसं २०४८ मा पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको संयोजकत्वमा गठन भएको राजनीति पीडित सहायता कोषले पनि यस विषयमा काम गरेको उहाँले सुनाउनुभयो । त्यससम्बन्धी पुस्तक पनि कोषले प्रकाशन गरेको थियो । रातो रङको भएकाले त्यसलाई अहिले पनि रातो किताब भन्ने गरिएको छ ।

देश र जनताका लागि माफी नमागी मर्न चाहने चार सहिदलाई पहिलो श्रेणीको सहिद मान्नुपर्ने कार्यदलको संयोजकसमेत रहिसक्नुभएका प्रश्रितले बताउनुभयो । राम्रो काम गर्दागर्दै मर्छु भन्ने थाहा नभए पनि कारणवश मरेका पनि सहिद हुने भनी प्रतिवेदन बुझाइएको उहाँले सुनाउनुभयो । यस्ता सहिदलाई मार्दैछन् भन्ने थाहा हुँदाहुँदै मर्न तयार भएर छातीमा गोली थाप्ने सहिदको तुलना हुन सक्दैन ।

विसं २०४६ को प्रजातन्त्र पुनःस्थापनाको जनआन्दोलनमा सहादत प्राप्त गर्ने १९ सहिदलाई सम्मानस्वरुप सरकारले जनही रु एक लाख आर्थिक सहयोग गरेको थियो । त्यस्तै विसं २०६२/६३ को जनआन्दोलनका क्रममा मुलुकभर सहादत प्राप्त गरेका २६ जनालाई सहिद घोषणा गरियो । यी सहिदका परिवारलाई पनि रु १० लाखका दरले आर्थिक सहयोग गरिएको थियो । दुईपटकको तथ्याङ्क सार्वजनिकरूपमा खोज्दा पाइए पनि अरु सहिदको सरकारसँग स्पष्ट तथ्याङ्क छैन । विसं २०६२/६३ को जनआन्दोलनपछि सरकारपिच्छे विभिन्न आन्दोलन र घटनामा निधन भएका व्यक्तिलाई पनि सहिद घोषणा गरियो ।

विसं २०७४ माघ ३ गते विभिन्न आन्दोलनमा मारिएका १९० जनालाई सहिद घोषणा गरेको गृह मन्त्रालयले जनाएको छ । मन्त्रालयले हाल सम्पूर्ण सहिदको तथ्याङ्क सूची सङ्कलन गरी स्पष्ट अभिलेख राख्न सुरु गरेको जनाएको छ । यद्यपि मन्त्रालयसँग हालसम्म कति सहिद घोषणा गरियो भन्नेबारे स्पष्ट जवाफ भने छैन । सरकारले २०६७ असार ९ गते शान्ति तथा पुनःनिर्माण मन्त्रालयको सिफारिसमा एक हजार ६१९ जनालाई सहिद घोषणा गरेको थियो । त्यस्तै सरकारले २०६५ पुस ९ गते छ हजार ३४४ जनालाई सहिद घोषणा गरेको बताइए पनि त्यसको आधिकारिक तथ्याङ्क पाउन सकिएको छैन ।

साथै पटक-पटकको तराई-मधेश आन्दोलन र मुलुकभर भएका पहिचानका विभिन्न आन्दोलनमा मारिएका कति व्यक्तिलाई सहिद घोषणा गरियो भन्ने यकिन तथ्याङ्क भेटिँदैन । सरकारले ती आन्दोलनमा मारिएका व्यक्ति र भएको क्षतिबारे यकिन गर्न विभिन्न आयोग गठन गऱ्यो । आयोगलाई सहिदको परिभाषा गर्ने जिम्मेवारी पनि तोकियो ।

मुलुकमा पछिल्लोपटक झैंझगडा र दुर्घटनामा ज्यान गुमाएका व्यक्तिलाई समेत सहिद घोषणा गर्नुपर्ने र रु १० लाख आर्थिक सहयोगका लागि दवाब दिने प्रचलनले वास्तविक सहिदको भावनामा ठेस पुगेको सहिद परिवारको गुनासो छ । कार्यदलका पूर्वसंयोजक सुवेदी सबै सहिद वीर भए पनि सबै वीर सहिद हुन नसक्ने बताउनुहुन्छ । मर्छु भन्ने थाहा हुँदाहुँदै छातीमा गोली थाप्नेलाई सहिद र अरुलाई वीर घोषणा गर्नुपर्ने प्रतिवेदन दिएको उहाँ सुनाउनुहुन्छ ।

विभिन्न समयमा सहिद घोषणा गरिएकामा कतिपयको सूचना नेपाल राजपत्रमा प्रकाशन गरिएको भएपनि ती सबै आधिकारिक तथ्याङ्क गृह मन्त्रालयसँग पनि छैन । मन्त्रालयले विसं २०७४ मा विभिन्न आन्दोलनमा मारिएका चार सुरक्षा निकायका दुई हजार ८०७ लाई सहिद घोषणाका लागि मन्त्रिपरिषद् बैठकमा प्रस्ताव पठाएको थियो । जसमा नेपाली सेनाका एक हजार १८, नेपाल प्रहरीका एक हजार ४४८, सशस्त्र प्रहरी बलका ३१८ र राष्ट्रिय अनुसन्धान विभागका २३ जना छन् । पछिल्लो समय सहिद घोषणा भएपछि तिनका परिवारलाई राज्यबाट रु १० लाख प्रदान गर्ने गरिएको छ ।

प्रत्येक वर्ष माघ १६ गते प्रजातन्त्र स्थापना एवं पुनःस्थापना तथा विभिन्न कालखण्डका स्वतन्त्रताका लागि जीवन आहुति दिने सहिदको सम्झनामा विविध कार्यक्रम गरी सहिद दिवस मनाइन्छ । माघ १० देखि १६ गतेसम्म विभिन्न कार्यक्रमका साथ सहिद सप्ताह मनाउने घोषणा गरी विविध कार्यक्रम हुँदै आएको छ । विसं २०१२ देखि नै काठमाडौं महानगरपालिकाको संयोजकत्वमा प्रत्येक वर्ष माघ १६ गते सहिदको सम्झनामा दिवस मनाउन थालिएको हो ।

स्वतन्त्रताको माग गर्दा विसं १९९७ मा सहिद शुक्रराज शास्त्रीलाई माघ १० गते काठमाडौंको टेकुस्थित पचलीमा, माघ १३ गते धर्मभक्त माथेमालाई सिफलमा र गङ्गालाल श्रेष्ठ एवं दशरथ चन्दलाई माघ १५ गते शोभाभगवतीमा राणा शासकले मृत्युदण्ड दिएका थिए ।

**चौध वर्षदेखि अलपत्र बन्यो राष्ट्रिय सहिद स्मारक**

उता लखन थापादेखि पछिल्ला स्वतन्त्रताका आन्दोलनमा शहादत प्राप्त गर्नुहुने सहिदको सम्झनामा मन्त्रिपरिषद्को विसं २०६४ जेठ ११ गतेको निर्णयअनुसार उपत्यकाको उत्तरपूर्वी भेगस्थित गोकर्णेश्वरमा निर्माण भइरहेको राष्ट्रिय सहिद स्मारक १४ वर्षदेखि अलपत्र छ । शान्ति तथा पुनर्निर्माण मन्त्रालय अन्तर्गत स्मारक निर्माण भइरहेकामा मन्त्रालय खारेजीपछ शहरी विकास मन्त्रालय अन्तर्गत शहरी विकास तथा भवन निर्माण विभाग हुँदै हाल वन तथा वातावरण मन्त्रालयबाट स्मारक निर्माणको काम हुन लागेको जनाइएको छ ।

स्मारक निर्माण सम्पन्न भएपछि सहिदगेटका चार सहिदको सालिक पनि गोकर्णमै स्थानान्तरणका लागि सरकारी स्तरबाट निर्णय भएको यज्ञडोल (जगडोल) सामुदायिक वन समूहका अध्यक्ष सुदर्शन सिग्देलले बताउनुभयो । गोकर्णको जगडोल (यज्ञडोल) सामुदायिक वनको ६५० रोपनी क्षेत्रफलमा सहिद सङ्ग्रहालय, सहिदसम्बन्धी अध्ययन अनुसन्धान गर्न चाहनेका लागि पुस्तकालय लगायत संरचनाको निर्माण अन्तिम चरणमा पुगेर निर्माण व्यवसायीको लापरबाहीले काम अलपत्र रहेको स्मारक निर्माण समितिले जनाएको छ ।

विसं २०६३ अघिसम्म सहिद दिवसका दिन राज्यका तर्फबाट सहिदगेटमा विशेष कार्यक्रम गरी दिवस मनाइन्थ्यो । त्यस दिन राष्ट्रिय बिदा पनि दिने गरिन्थ्यो । त्यसपछि भने लैनचौरस्थित सहिद स्मारकमा विशेष कार्यक्रम हुन थालेको छ । सहिदगेटमा पनि विभिन्न सङ्घसंस्थाले कार्यक्रम गरी दिवस मनाउने गरेका छन् ।

# एक हप्ताभित्र प्रदेश सरकारले पूर्णता पाउँछ : नेता कोइराला

इनरुवा, १६ माघ (रासस) ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा प्रदेश नं १ मा पार्टीका संसदीय दलका नेता राजीव कोइरालाले एक हप्ताभित्र प्रदेश सरकारले पूर्णता पाउने बताउनुभएको छ ।

सुनसरीको इनरुवा नगरपालिका-२ मा निर्माण भएको बुढासुब्बा बाज्युबज्यै सामुदायिक भवनको आइतबार उद्घाटन गर्दै नेता कोइरालाले पार्टीभित्र र गठबन्धन दलहरुबीच सरकार विस्तार गर्ने विषयमा छलफल भइरहेको बताउनुभयो । उहाँले प्रदेश सरकारले पूर्णता नपाएका बेलामा धेरै विकास निर्माणका काम प्रभावित भएकाले यसलाई पूर्णता दिन आवश्यक भएको उल्लेख गर्नुभयो ।

करिब रु २२ लाखको लागतमा सो भवन निर्माण गरिएको हो । कोइरालाको संसदीय विकास कोषको रु १० लाख, इनरुवा-२ को वडाको रु पाँच लाख, संघीय सांसद सीताराम मेहताको संसदीय विकास कोषबाट रु दुई लाख ७३ हजार, हरिनगर गाउँपालिकाका अध्यक्ष गफार अन्सारीबाट रु एक लाख एक हजार तथा अन्य व्यक्ति तथा संघ संस्थाको सहयोगमा भवन निर्माण गरिएको हो ।

कार्यक्रममा हरिनगर गाउँपालिकाका अध्यक्ष अन्सारी, इनरुवा-२ का वडाध्यक्ष सुरेन्द्रप्रसाद यादव, नेपाली कांग्रेस प्रदेश २ का सचिव प्रकाश मेहतालगायतको सहभागिता रहेको थियो ।

# 'जहाँ भ्रष्टाचार हुन्छ : त्यहाँ सुशासन र लोकतन्त्रको तत्व रहन्न'

काठमाडौं, १६ माघ (रासस)।

सरकारका कामकारबाहीलाई पारदर्शी र जनउत्तरदायी तुल्याउन प्रभावकारी संसदीय निगरानी र खबरदारी संयन्त्रको आवश्यकतामा जोड दिइएको छ।

नेपालको संसद् र संसदीय समितिका निर्देशन कार्यान्वयन अवस्था र अन्तर्राष्ट्रिय अभ्यासका आधारमा विज्ञले कार्यकारीको कामको रखवारी र खबरदारी प्रभावकारी संसदीय अनुगमनबाट मात्र सम्भव हुने धारणा राख्नुभयो। संविधानसभा सदस्य एवं वरिष्ठ अधिवक्ता खिमलाल देवकोटाले संसदीय अनुगमन निर्देशिका विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभव प्रस्तुत गर्दै अनुगमन तथा नियन्त्रण प्रणालीले राज्यका कामकारबाहीलाई पारदर्शी र उत्तरदायी तुल्याउने बताउनुभयो।

राज्यलाई लोकतान्त्रिक बनाउन, राज्यका कामकारबाहीलाई जनमुखी र उत्तरदायी तुल्याउन, शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलन कायम गर्न प्रजातान्त्रिक मुलुकमा ससदीय अनुगमन अनुशरण गरिँदै आएको छ।

भनाइ छ, "जहाँ शक्ति हुन्छ, त्यहाँ भ्रष्टाचार हुन्छ। जहाँ भ्रष्टाचार हुन्छ, त्यहाँ सुशासन र लोकतन्त्रको कुनै तत्व बाँकी रहन्न। तसर्थ लोकतन्त्र र सुशासनका लागि शक्तिको निगरानी, खबरदारी र अनुगमन आवश्यकता पर्छ।" आधुनिक राज्यको ध्येय भनेको शान्ति, लोकतन्त्र, विकास र समृद्धि भएकाले राज्यशक्तिको निगरानी लोकतन्त्रको अनिवार्य शर्त मानिदै आएको छ। विश्वका कयौं लोकतान्त्रिक मुलुकमा संसदीय अनुगमनको उच्चतम अभ्यास भइरहेको छ।

क्यानाडामा संसद्ले कार्यकारी अङ्गको अनुगमन गर्न स्थायी र विशिष्टकृत समितिको व्यवस्था गरेको छ भने जर्मनीमा सरकारका अधिकारीलाई समितिमा बोलाएर सोधपुछ तथा लिखित र मौखिक प्रश्नका माध्यमबाट अनुगमन गरिने अभ्यास छ। संसदीय अनुगमन प्रणालीले राज्यका निकायबीच शक्ति पृथकीकरण, नियन्त्रण, सन्तुलन तथा जनता र संविधानप्रति उत्तरदायित्वपूर्ण शासन प्रणाली स्थापनामा बल पुर्‍याउने वरिष्ठ अधिवक्ता देवकोटा बताउनुहुन्छ।

संविधानले संसद्लाई जनताको सार्वभौम सम्पन्न स्थायी अङ्गका रूपमा आत्मसात गरेकाले नेपालले सुधारिएको लोकतान्त्रिक संसदीय प्रणाली अवलम्बन गर्ने मुलुकका रूपमा परिचय स्थापित गरेको छ। सरकारलाई प्रश्न सोधेर, जवाफ मागेर, हरेक कामकारबाहीलाई निगरानी राख्दै पारदर्शी तुल्याउन तथा कार्यकारीबाट हुनसक्ने अत्यधिक शक्तिको दुरुपयोग रोकेर लोकतन्त्रलाई सुदृढ गर्ने दायित्व लोकतान्त्रिक मुलुकमा संसद् र समितिबाट हुने गर्छ।

लोकतान्त्रिक मुलुकमा सरकारमाथि विश्वास वा अविश्वासको प्रश्न वा संवैधानिक निकायका पदाधिकारीमाथि महाभियोगको विषय छिनोफानो गर्ने अधिकार संसद्मा निहित रहन्छ। नेपालमा सरकारका कामकारबाहीलाई नियाल्ने सङ्घीय संसद् मातहत विशिष्ट प्रकृतिको राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङकन समिति नै बेग्लै छ।

संसद्को मुलभूत काम भनेको कानुन बनाउने, बजेटमाथि छलफल गरी निर्णय दिने, जनताका आवाज उठाउने र सरकारको काम रेखदेख गर्नु हो। संसदीय अनुगमनसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्ययन गर्ने क्रममा राज्यका निर्देशक सिद्धान्त नीति र दायित्वको कार्यान्वयन, अनुगमन र मूल्याङकन, सार्वजनिक लेखा, शिक्षा तथा स्वास्थ्य, विधायन, राज्यव्यवस्था तथा सुशासन समितिबाट भएका महत्वपूर्ण निर्णय, दिएका निर्देशन र कार्यान्वयनको अवस्थासमेतको अध्ययन गरिएको जानकारी दिइयो।

विधायन व्यवस्थापन समिति सभापति परशुराम मेघी गुरुङले संसद् र संसदीय समितिको मुख्य काम भनेको सरकारबाट भएका कामको नियमित अनुगमन मूल्याङ्कन गरी विश्वासनीय र प्रभावकारी तुल्याउने रहेको बताउनुभयो। अध्ययनमा समितिले निर्धारण गरेको कार्यविधिम अनुगमन गर्ने स्वीकृत मापदण्ड नभएका कारण एकरुपता र गुणस्तरमा समस्या देखिएको प्रतिवेदनमा उल्लेख छ।

**निर्देशन दोहोरिने र निर्णय सङ्गतिमा अभाव...**

अध्ययनमा समितिकै निर्देशन पनि बारम्बार दोहोरिएको, एकै प्रकृतिका निर्णय धेरै समितिबाट भएका, निर्णय सङ्गतिमा अभाव देखिएको, कार्यक्षेत्रको स्पष्टता रहेको तथा गुणस्तरीय अनुगमन र प्रभावकारी परिणाम हासिल देखिएको छ। अनुगमनको पनि अनुगमनमा ध्यान नपुगेको तथा आफैंले गरेका निर्णय र निर्देशनबारे समिति नै अनविज्ञ देखिएको प्रतिवेदनमा उल्लेख छ।

कतिपय समितिका निर्णय सकारात्मक विभेदभन्दा पनि संलग्न र सरोकारका आधारमा भए गरेको देखिएको विज्ञको मत छ। सरकारी कामको संसदबाटै निगरानी प्रक्रिया नौलो नभएर सर्वाधिक आधिकारिक र असल अभ्यासका रूपमा लिने गरिन्छ।

राष्ट्रियसभा सदस्य एवं कानुनविद् राधेश्याम अधिकारी भन्नुहुन्छ, "नीति तथा कार्यक्रम ल्याउँदामात्रै होइन, कानुन निर्माणमा पनि हामी मन्त्री हुँदा र नहुन दोहोरो मापदण्ड अपनाउँछ यो सर्वथा ठिक होइन, संसदीय अनुगमन जति प्रभावकारी भयो त्यति नै सुशासनलाई बलियो तुल्याउँछ।"

विश्वका विभिन्न मुलुकमा भएका असल अभ्यासलाई अनुशरण गर्न सकियोस् भनी अनुसन्धानकर्ताले क्यानडा, जर्मनी, इटाली, जापान, संयुक्तराज्य बेलायत, अमेरिका, दक्षिण अफ्रिका र भारतले अभ्यास गरिरहेको संसदीय अनुगमनसम्बन्धी व्यवस्था अध्ययन गरी प्रस्तुतीकरण गर्नुभएको हो।

इटालीमा कार्यकारी अङ्गको नियन्त्रण र निगरानी संसदीय नियन्त्रण एकाइमार्फत गर्ने प्रचलनछ भने जापानमा सरकारका काम संसद् आफैं, सांसद, संसदीय समिति वा खटाएका सदस्यले परीक्षण गर्ने व्यवस्था छ। बेलायतमा भने छानिएका विशेष समिति संसदीय अनुगमनका महत्वपूर्ण साधन मानिन्छ। छिमेकी मुलुक भारतमा संसद् स्वयं र समितिमार्फत निगरानीको हुन्छ भने दक्षिण अफ्रिकामा कार्यकारीका हरेक काम कारबाहीमा संसदीय अनुगमन अनिवार्य मानिन्छ।

समिति सदस्य देवराज दाहालले मुलुकमा ठूला राजनीति परिवर्तनपछि कार्यान्वयनमा हुन्छ भनिएको प्रणाली र पद्धति कहिलेदेखि स्थापित होला भनी विज्ञसँग जिज्ञासा माग गर्नुभयो।

**अनुगमन किन त !**

पूर्वाधार निर्माणलगायतका विकासका कार्यक्रमलाई आर्थिक दृष्टिले मितव्ययी, सक्षम र गुणस्तरीय तुल्याउन, कानुनी अख्तियारी प्रदान गर्न तथा रणनीतिक योजना एवं बजेट सुनिश्चित गर्न प्रभावकारी संसदीय अनुगमनको आवश्यकता औंल्याइएको छ।

राज्यका समग्र उद्देश्य र नीतिलाई आत्मसात गरी अर्थपूर्ण योगदान पुर्‍याउने संसदीय अनुगमनको मुख्य ध्येय हो। अनुगमनका लागि पूर्वतयारीका रूपमा पर्याप्त सूचना सङ्कलन, लक्ष्य निर्धारण, उपयुक्त निकाय छनोट, विकल्पको खोजी, विज्ञ र सरोकारवालासँग परामर्श तथा अग्रगामी सोच निर्धारण गर्न सुझाव दिइएको छ।

दस्तावेज, सामग्री र सूचनासमेतका आधारमा संस्था वा पदाधिकारीलाई बोलाएर उनीहरूबाट भएको प्रस्तुति र सूचनाबीच तालमेल भए-नभएको यकिन गरी अनुगमनलाई निष्कर्षमा पुर्‍याउन सकिनेछ। अनुगमन प्रतिवेदनमा कामको पृष्ठभूमि, प्रक्रिया र परिणामसमेत हुने भएकाले निर्माण ठोस, मूर्त, सरल र कार्यान्वयन योग्य हुनुपर्छ भन्ने मान्यता राखिन्छ।

समिति सदस्य विमला राई, प्रकाश पन्थ र रामलखन चमारले संसद्मा स्वतन्त्र अनुसन्धान र अनुगमन संयन्त्रको अभाव खड्किएको तथा आयोजना निर्माण समय लम्ब्याउने, म्याद थप्ने र सबै गर्नेलाई कारबाही कसले गर्छ भनी प्रश्न गर्नुभयो। संसदीय अनुगमनका बेथिति र स्वार्थका कारणले अनुगम नै विश्वासनीय हुन नसकेको सन्दर्भमा अनुगमन आचारसंहिता बनाउने र अनुगमनको पनि अनुगमन गर्ने पद्धति र प्रणाली स्थापित गर्नुपर्ने देखिएको विज्ञको मत छ।

कानून मन्त्रालयका सचिव उदयराज सापकोटाले अखबारमा छापिएका आधारमा मात्र नभई विषयवस्तुको गाम्भीर्यताअनुरुप संसदीय अनुगमन प्रणाली सधैं चुस्त बन्न आवश्यक रहेको सुझाव दिनुभयो। संसदीय निगरानीले अनुगमनले सरकारी र सार्वजनिक क्षेत्रसमेतलाई सदाचार कायम गर्न र तोकिएका सीमाभित्र रहेर काम गर्ने वातावरण तयार गर्ने भएकाले सार्वजनिक सम्पत्ति र समयको हिफाजत हुने विश्वास गरिएको छ।

## विश्व समाचार

### अमेरिकामा कोभिडका कारण मृत्यु हुने बढ्दै

लन्डन, १६ माघ (रासस/सिन्ह्वा)।

संयुक्त राज्य अमेरिकामा कोभिडका कारण हुने मृत्यु बढ्दोरुपमा रहेको देखिएको छ। यसलाई अमेरिकाका अधिकारीले चिन्ताजनक पनि भनेका छन्। प्राप्त पछिल्लो समाचारअनुसार यहाँ गएको सात दिनसम्म कोभिडका कारण हुने मृत्यु बढ्दै गएको छ। बुधबार मात्र यहाँ २४ घन्टामा कोभिडबाट दुई हाजारभन्दा बढीको ज्यान गएको छ। बुधबारको पछिल्लो तथ्याङ्अनुसार यहाँ एकै दिनमा कोभिडबाट दुई हजार २५९को ज्यान गएको थियो। उता कोभिडबाट हुने सङ्क्रमितको संख्या भने अहिले घटेको छ। पछिल्लो केही दिनयता यो सङ्क्रमण दरमा करिब १३ प्रतिशतले कमी आएको देखिएको छ। यहाँ दैनिक छ लाखभन्दा बढी नै सङ्क्रमित पाइने गरेका छन्। अमेरिका कोभिडबाट सबैभन्दा बढी प्रभावित देशमा पर्दछ। अमेरिकामा विश्वमा नै कोभिडबाट सबैभन्दा बढी नागरिकको ज्यान गएको छ भने सङ्क्रमण दर पनि धेरै रहेको पाइएको छ। यहाँ अहिलेसम्म कोभिडबाट नौ लाख छ हजारभन्दा बढीको ज्यान गएको छ। विश्वका अरु देशको तुलनामा यो सबैभन्दा बढी हो।

### भारतमा कोरोनाभाइरससबाट थप दुई लाख ३४ हजार संक्रमित

नयाँदिल्ली, १६ माघ (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसबाट थप दुई लाख ३४ लाखभन्दा बढी सङ्मित भएका छन्। पछिल्लो २४ घण्टामा भारतमा दुई लाख ३४ हजार २८१ सङ्मित भएका स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ। यसैसँगै भारतमा चार करोड १० लाख ९२ हजार ५२२ जना कोरोनाका कुल सङ्क्रमित भएका समाचारमा जनाइएको छ। सोही अवधिमा कोरोना सङ्क्रमणका कारण भारतमा ८९३को मृत्यु भएको सो मन्त्रालयले आइतबार जनाएको छ। अधिकारीका अनुसार भारतमा अहिलेसम्म कुल चार लाख ९४ हजार ९१को कोरोनाभाइरस सङ्क्रमणका कारण मृत्यु भएको छ। भारतमा पछिल्लो समय दैनिक सङ्मितको सङ्ख्यामा निरन्तर कमी आइरहेको छ। प्रतिदिन बढ्दै गएकोमा अहिले घट्दै आएको जनाइएको छ।मन्त्रालयका अनुसार भारतमा अहिले सङ्मित अवस्थामा रहेकाको सङ्ख्या पनि घट्दै गइरहेको छ। सरकारी अधिकारीका अनुसार भारतमा शनिबार १८ लाख ८४ हजार ३३३ सक्रिय सङ्मित रहेका छन्। सक्रिय सङ्क्रमितको यो संख्या कुल सङ्क्रमितको ४.५९ प्रतिशत भएको जनाइएको छ।

दैनिक नयाँ सङ्मितको सङ्ख्याभन्दा दैनिक सङ्मणमुक्त भएकाहरुको सङ्ख्या धेरै भएकाले पनि अहिले सक्रिय सङ्मितको सङ्ख्या घट्दै गएको हो। भारतमा पछिल्लो २४ घण्टामा तीन लाख ५२ हजार ७८४ कोरोनाभाइरसबाट सङ्मणमुक्त भएका छन्। एउटै अवधिमा नयाँ सङ्मितको सङ्ख्याभन्दा सङ्मणमुक्त भएकाको सङ्ख्या एक लाख भन्दा बढी रहेको छ। भारतमा पछिल्लो एक दिनमा १६ लाख १५ हजार ९९३को कोरोना परीक्षण गरिएको थियो। भारतमा सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो। सो समयदेखि हालसम्म भारतमा एक अर्ब ६५ करोड ७० लाखभन्दा बढी डोज खोप लगाइएको छ।

### बाइडेनले युक्रेनको चिन्ता छाडेर अमेरिकी सीमा रक्षा गर्नुपर्छ : ट्रम्प

अमेरिको (वासिङटन), १६ माघ (रासस-एएनआई/स्पुतनिक)।

पूर्वअमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकी राष्ट्रपति जो बाइडेनको प्रशासनले युक्रेन वरपरको अवस्थाको बारेमा चिन्ता गर्न छोड्नुपर्छ र यसको सट्टा आन्तरिक सीमा सुरक्षाको मुद्दामा ध्यान केन्द्रित गर्नुपर्ने बताउँनुभएको छ। "वाशिङ्टनमा सबैजना युक्रेनको सिमाना कसरी जोगाउने भनेर सोचिरहेका छन्, तर हाम्रो लागि अहिले संसारको सबैभन्दा महत्वपूर्ण सिमाना युक्रेनको सीमा होइन, यो अमेरिकाको सीमा हो र हामी यसको बारेमा केही गर्दैनौं "ट्रम्पले टेक्सासको कन्रोमा शनिबारको र्‍यालीमा आफ्ना समर्थकलाई भन्नुभयो। ट्रम्पले अमेरिकी राष्ट्रपतिको पहिलो कर्तव्य अमेरिकी सीमाको रक्षा गर्नुपर्ने भए पनि अहिलेको अमेरिकी प्रशासन अन्य देशको 'आक्रमण'को कुरामा व्यस्त रहेको टिप्पणी गर्नुभएको छ।

"उनीहरूले यस देशको आक्रमण रोक्न आवश्यक छ, "ट्रम्पले जोड दिनुभयो, "जो बाइडेनले पूर्वीयुरोपको सीमा रक्षा गर्न कुनै पनि सेना पठाउनु अघि, उनले टेक्सासमा हाम्रो सीमा रक्षा गर्न सेना पठाउनुपर्छ।" ट्रम्पले बाइडेनले तेस्रो विश्वयुद्धको जोखिम सिर्जना गरिरहेको चेतावनी दिनुभएको छ। शुक्रबा, अमेरिकी संयुक्त चिफ अफ स्टाफका अध्यक्ष मार्क मिलेले रुसले युक्रेनी सीमामा कुनै पनि क्षण आक्रमण गर्न पर्याप्त सेना जम्मा गरेको दाबी गरे र सङ्कटको कूटनीतिक समाधानको लागि खोजी जारी राख्न आग्रह गर्नुवएको थियो। मस्कोले बारम्बार आफ्नो छिमेकीलाई आक्रमण गर्ने कुनै पनि मनसायलाई अस्वीकार गरेको छ। यसले कसैलाई धम्की दिएको छैन, यसको सिमाना नजिक नाटोको बढ्दो उपस्थिति र युक्रेनको सैन्यकरणमा चिन्ता व्यक्त गरेको जनाएको छ। बुधबार रुसका लागि अमेरिकी राजदूत जोन सुलिभानले युरोपको लागि रुसको सुरक्षा प्रस्तावमा वाशिंगटनको प्रतिक्रिया दिनुभएको छ। रुसी विदेशमन्त्री सर्गेई लाभरोभले बिहीबार रुसले उक्त प्रतिक्रियाको समीक्षा गरिरहेको तर संयुक्त राज्यले नाटो विस्तार नगर्ने मुख्य प्रश्नलाई अनुत्तरित छोडेको टिप्पणी गर्नुभएको छ।

### डिपिआर अनुसार ...

जानकारी दिए। अहिले बसपार्कको डिपिआर भित्र नभएको राजबिराज वडा २ को वडा कार्यालय, कबर्ड हल बसपार्कको जग्गा अतिक्रमण गरी निर्माण गरिएको छ।

राजबिराज नगरपालिकाले बसपार्क भित्र अतिक्रमण गरी बनाएको घरहरू हटाउन सकेको छैन भने बसपार्कको घेरबेर गर्न आलटाल गरेको संघर्ष समितिका सदस्य सुर्य नारायण यादबले आरोप लगाए।

यता राजबिराज नगर प्रमुख शम्भु प्रसाद यादबले बसपार्कको कार्य तिब्र गतिमा भईरहेकोले बसपार्कको डिपिआर अनुसार काम भईरहेको र चाडै अतिक्रमित घर हटाई बसपार्कको जग्गा घेरबेर गर्ने जानकारी दिए।

### हिन्दु राष्ट्र ...

सतेन्द्र आर्या र मंजु मण्डललाई चयन गरेको छ। त्यस्तै महासचिवमा राजेश यादव, सचिवमा रामनाथ सनातनी, कोषाध्यक्षमा कृष्णकुमार यादव, प्रवक्ताहरुमा कृष्ण दहाल र महन्थ सत्यनारायण दासलाई चयन गरेको जनाएको छ।

त्यस्तै गठबन्धनका केन्द्रिय सदस्यहरुमा प्रदीप यादव, पिंकी महासेठ, दिपेश साह, राजिव गुप्ता, प्रमानन्द ठाकुर, राजकुमार रौनियार तथा केन्द्रिय सल्लाहकारमा जयकुमार यादवलाई चयन गरिएको जनाइएको छ।

गठबन्धनका अध्यक्ष सन्तोष पटेल, महासचिव राजेश यादव र कोषाध्यक्ष कृष्णकुमार यादवद्वारा संयुक्त हस्ताक्षरित विज्ञप्तिमा गठबन्धनले सातै प्रदेशमा संगठन बिस्तार गर्दै सनातन धर्मको आस्था माथि आक्रमण गर्ने, बोल्ने र बिरोध गर्नेलाई कडा प्रतिकार तथा भौतिक कारवाही र भण्डाफोर गर्ने जस्ता कार्यक्रम तय गरिएको उल्लेख छ।

विज्ञप्तिमा देशको समृद्धि, एकता, अखण्डता र राष्ट्रियताप्रति गठबन्धन पूर्ण रुपमा सजक र सचेत रहेको जनाउँदै हिन्दु राष्ट्रका लागि विभिन्न समयमा भएको आन्दोलनप्रति उच्च सम्मान व्यक्त गरिएको छ।

सनातन गठबन्धनको उद्घाटन समारोहमा हिन्दु परिषद् नेपालका केन्द्रिय अध्यक्ष सन्तोष पटेल, केन्द्रिय सदस्य पिंकी महासेठ, सनातन धर्म संरक्षण मंचका अध्यक्ष राजेश यादव, संयोजक सतेन्द्र आर्या, हिन्दु जागरण महासंघका अध्यक्ष अधिवक्ता बिनोद पाण्डे लगायतको दर्जनौं हिनदुवादी अभियान्ताको उपस्थिति रहेको थियो।

# स्थानिय चुनाव अघि नै नामांकन र सिमांकन गर्न जप्रपाको माँग

**दैनिक समाचारदाता**
**राजबिराज, १६ माघ ।**

जनता प्रगतिशील पार्टी नेपालले स्थानिय तह निर्वाचन सम्बन्धी संवैधानिक र कानुनी अस्पष्टता अनगिनत संख्यामा रहेको तथ्यप्रति सरकारलाई ध्यानाकर्षण गराएको छ ।

अध्यक्ष त्रिपाठीद्वारा आइतबार जारि प्रेस विज्ञप्तिमा स्थानीय तहको नामांकन र सिमांकन गर्ने उद्देश्यले गठित आयोगको सिफारिस मधेश प्रदेशमा मात्र कार्यान्वयन भएको भन्दै १ नं. प्रदेश, लुम्बिनी प्रदेश र सुदुरपश्चिम प्रदेशमा समेत कार्यान्वयन गर्न माग गरेका छन् ।

विज्ञप्तिमा सत्तापक्षिय गठबन्धनद्वारा स्थानिय तहको निर्वाचन आगामी जेठ सम्ममा सम्पन्न गराउने प्रतिबद्धताको स्वागत गर्दै आयोगको सिफारिस बाँकी तीन प्रदेशमा निर्वाचनको कारण देखाई कार्यान्बयन नभएको भन्दै निर्वाचन पूर्व नै उक्त आयोगको सिफारिस कार्यान्वयन गरि मात्र चुनाव गर्न सुझाव दिएको छ ।

विज्ञप्तिमा तीन वटा प्रदेशमा आयोगको सिफारिस कार्यान्बयन नभए निर्वाचन कार्यमा बाधा समेत पुग्न सक्ने परिस्थिति सृजना हुन सक्ने चेतावनी दिँदै सम्बन्धित पक्षलाई सचेत रहन आग्रह समेत गरेको छ ।

# स्थानीय तहको निर्वाचन निर्धारित मितिमै हुनुपर्छ : डा कोइराला

विराटनगर, १६ माघ (रासस) ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा शेखर कोइरालाले स्थानीय तहको निर्वाचन समयमै हुनुपर्ने बताउनुभएको छ ।

विराटनगरस्थित कोइराला निवासमा आइतबार बिहान सञ्चारकर्मीसँग कुरा गर्दै उहाँले लोकतन्त्रमा अद्यावधिक निर्वाचन मौलिक हक भएकाले यो निर्वाचन कुनै बहानामा सार्न नहुनेमा जोड दिनुभयो ।

उहाँले सरकारले निर्वाचनका विषयमा सिधै निर्वाचन आयोगसँग छलफल गरी टुङ्गो लगाउनुपर्ने तर्क गर्दै ऐन कानून परिबर्तन गरेर निर्वाचन सार्न नहुने विचार व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "गठबन्धन दलसँगभन्दा पनि सरकारले निर्वाचन आयोगसँग छलफल गरेर निर्वाचनको मिति तोक्दा राम्रो हुनेछ ।"

केन्द्रीय सदस्य डा कोइरालाले पार्टीको १४औं महाधिवेशनमा पराजित भएका बरिष्ठ नेतालाई केन्द्रीय सदस्यमा मनोनीत गर्न नेतृत्वलाई सुझाव पनि दिनुभयो । उहाँले प्रदेश नं १ को नामकरण दलको सहमतिमा हुनुपर्ने भन्दै खर्च बढ्नेगरी मन्त्रालय टुक्रयाउने र मन्त्रीको सङ्ख्या बढाउने कुराले सुशासनमा असर पर्ने धारणा राख्नुभयो ।

देशको आर्थिक अवस्थालाई ध्यानमा राखेर प्रदेश सरकारले आफ्नो सरकार विस्तार गर्नुपर्ने र प्रदेश सरकार पारदर्शी, जवाफदेही र उत्तरदायी हुनुपर्छ भन्नुभयो ।

# सकारात्मक समाचार सम्प्रेषण गर्न आग्रह

धनुषा, १६ माघ (रासस) ।

मधेस प्रदेश सरकारका आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरतप्रसाद साहले रासस तथा अन्य सरकारी सञ्चारमाध्यमलाई सकारात्मक समाचार सम्प्रेषण गर्न आग्रह गर्नुभएको छ ।

पत्रकारले पाठक एवं श्रोता बढाउनका लागि मात्र भए पनि नकारात्मक समाचार लेख्ने गरेका बताउँदै त्यसो नगर्न उहाँले जोड दिनुभयो । मधेस प्रदेशको राजधानी जनकपुरमा आइतबारदेखि सुरु भएको राष्ट्रिय समाचार समिति (रासस)का पत्रकारको अभिमुखीकरण कार्यक्रममा उहाँले सो आग्रह गर्नुभएको हो ।

मन्त्री साहले सरकारी सञ्चारकर्मीले नेपाली मिडियाको आचरणमा सुधारका लागि पनि काम गर्नुपर्ने बताउनुभयो । प्रदेशका पत्रकारलाई उहाँले रचनात्मक सुझावका आवश्यक भएमा आलोचनात्मकरुपमा पनि लेख्न उहाँले आग्रह गर्नुभयो ।

सो तालिमको उद्घाटन कार्यक्रममा राससका महाप्रबन्धक सिद्धराज राईले राससकर्मीले सकारात्मक समाचार लेखनमा जोड दिनुपर्ने बताउनुभयो । उहाँले राससलाई केही सुधार गरेर लानु आवश्यकता रहेको बताउनुभयो ।

मधेस प्रदेशको राजधानी जनकपुरधाममा आमसञ्चार प्राधिकरण मधेस प्रदेशको आयोजनामा आइतबारदेखि सुरु दुईदिने अभिमुखीकरण सुरु भएको हो । अभिमुखीकरण कार्यक्रममा राष्ट्रिय समाचार समितिका महाप्रबन्धक सिद्धराज राई, प्रमुख कार्यकारी व्यवस्थापक उत्तम सिलवाल, प्रमुख समाचारदाता कृष्ण अधिकारी, कार्यकारी सम्पादक शीतलप्रसाद महतो, नेपाल पत्रकार महासङ्घ मधेस प्रदेशका अध्यक्ष राजेश कर्ण लगायतको विशेष उपस्थिति छ । यस कार्यक्रममा मधेस प्रदेशका आठै जिल्लाका राससका संवाददाताको सहभागिता रहेको छ ।

# 'तोकिएको समयमै स्थानीय तहको निर्वाचन हुनुपर्छ'

काठमाडौँ, १६ माघ (रासस) ।

कानुनविद्ले तोकिएका समयमा नै स्थानीय तहको निर्वाचन गराउन सरकार र निर्वाचन आयोगसँग माग गरेका छन् । प्रेस चौतारी नेपालले शनिबार राजधानीमा आयोजना गरेको 'स्थानीय तह निर्वाचन संवैधानिक र कानुनी व्यवस्था' विषयक अन्तर्क्रिया कार्यक्रममा वरिष्ठ अधिवक्ता टीकाराम भटराईले निर्धारित मितिमा स्थानीय तहको निर्वाचन नभए जनप्रतिनिधि स्वतः नरहने बताउनुभयो ।

"संविधानमा सङ्घ, प्रदेश र स्थानीय सरकारबारे अलग-अलग अस्तित्वसहित पाँचवर्षे अवधि तोकिएको र विगतको अनुभवका आधारमा संविधानमै स्थानीय तह कहिल्यै भङ्ग नहुने र केन्द्रले चाहेर पनि भङ्ग गर्ने अधिकारको परिकल्पना संविधानमा गरिएको छ", उहाँले भन्नुभयो, "स्थानीय तहका जनप्रतिनिधिको पदावधि बढाउन नपाइने संविधानमै उल्लेख गरिएको छ । त्यसैले तोकिएको समयमै निर्वाचन हुनुपर्दछ ।"

अर्का वरिष्ठ अधिवक्ता सुनिल पोखरेलले स्थानीय सरकारको पदावधिसँगै सम्बन्धित नै नहुने धारा २२५ को कुरा तेर्स्याएर २०५४ सालपछिको स्थिति सिर्जना गर्न खोजिएको बताउनुभएको छ । " विगतमा २० वर्षसम्म स्थानीय तह जनप्रतिनिधिविहीन भएको अवस्थालाई हेरेर नै संविधानमै स्थानीय तहको कार्यकाल पाँच वर्ष तोकिएको हो । स्थानीय तह खाली हुँदैन । स्थानीय तह प्रधानमन्त्री र सभामुखजस्तो पद होइन, कामचलाउ गर्न पाइँदैनन्", उहाँले भन्नुभयो ।

# थप तीन हजार ५ सय ४० संक्रमित

काठमाडौँ, १६ माघ (रासस) ।

पछिल्लो २४ घण्टामा थप तीन हजार ५४० जनामा कोरोना भाइरस (कोभिड-१९) को संक्रमण पुष्टि भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका नौ हजार ९१० जनाको पिसिआर परीक्षण गर्दा तीन हजार ४९ र तीन हजार २३५ जनामा र दुई हजार ८८३ एन्टिजेन परीक्षण गर्दा ४९१ जना गरी कूल तीन हजार ५४० जनामा कोरोना संक्रमण पुष्टि भएको हो ।

हाल देशैभरि ८३ हजार ९९९ सक्रिय संक्रमित छन् भने ६ हजार ३५९ जना संक्रमणमुक्त भएका छन् ।

त्यसैगरी यही माघ १३ देखि आइतबारसम्म संक्रमणबाट थप ३२ जनाको मृत्यु भएको छ । पछिल्लो २४ घण्टामा मृत्यु हुने र यसअघिको तथ्याङ्कमा छुटेकासमेत गरी मृतकको संख्या ३२ पुगेको मन्त्रालयको भनाइ छ ।

# समयमै स्थानीय तहको निर्वाचन गर्न बारको अपिल


काठमाडौँ, १६ माघ (रासस) ।

नेपाल बार एशोसिएशनले नेपालको संविधान र प्रचलित निर्वाचनसम्बन्धी कानून समेतका आधारमा सबै तहका निर्वाचन समयमा नै गर्न सरकारसँग अपिल गरेको छ ।

बारका महासचिव अधिवक्ता लीलामणि पौडेलले आइतबार जारी गर्नुभएको प्रेस विज्ञप्तिमा समयमै सबै स्थानीय तहको निर्वाचन गरी लोकतन्त्रको रक्षा र सम्बर्द्धन गर्ने कार्यमा लाग्न सरकार तथा सम्बन्धित सबैसँग अपिल गरिएको छ ।

"कुनै आग्रह, पूर्वाग्रह, अनुकूलता, प्रतिकूलतालाई विचार गरेर निर्वाचन गर्ने नगर्ने भन्ने विषय हुन सक्दैन", विज्ञप्तिमा भनिएको छ,"कुनैपनि बहानामा निर्वाचन नगरी वा पर सारी स्थानीय तहलाई रिक्त बनाउने कुरा संविधान र कानुन विपरीत मात्र नभइ लोकतन्त्र र विधिको शासनको समेत उपहास हुन जान्छ ।"

नेपालको संविधानले स्थानीय तह, प्रदेश संसद् र सङ्घीय संसद्, राष्ट्रियसभा लगायतका निकायको आवधिक निर्वाचनको व्यवस्था गरेको छ । त्यस्ता निकायको शून्यताको परिकल्पना संविधान र निर्वाचनसम्बन्धी कानुनले गरेका छैनन् । "बालिग मताधिकारको आधारमा आवधिक निर्वाचनबाट नै वास्तविक लोकतन्त्रको रक्षा र सम्बर्द्धन हुने कुरामा कसैको दुईमत हुन सक्दैन", प्रेस विज्ञप्तिमा भनिएको छ, "हाल स्थानीय तहको अवधि समाप्त हुन लागेको र यसको नियमित निर्वाचन गर्नुपर्ने विषयमा आएका समाचारप्रति गम्भीर ध्यानाकर्षण भएको छ ।"


अनुरोधकर्ता : बलान बिहुल गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

जेष्ठ नागरिकको सम्मान गरौं, सभ्यताको परिचय दिऔं ।

- जेष्ठ नागरिकलाई दया होइन सम्मान गरौं,
- जेष्ठ नागरिकसँग भएको ज्ञान, सीप र क्षमताको उपयोग गरौं,
- घर तथा सार्वजनिक स्थलमा जेष्ठ नागरिकमैत्री बातावरण निर्माण गरौं ।

सभ्यताको परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS Money Transfer
Best Remit Quick & Easy
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*